लिखु पिके गाउँपालिका
Likhu Pike Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

## Office of Rural Municipal Executive

चौलाखर्क, सोलुखुम्बु
Chaulakharka, Solukhumbu

कोशी प्रदेश, नेपाल
Koshi Province, Nepal

पत्र संख्या (Letter No): २०८३।०८४

लिखु पिके गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौलाखर्क, सोलुखुम्बु कोशी प्रदेश नेपाल

## सेवा करारमा लिने सम्बन्धी सूचना

**सूचना प्रकाशन मितिः २०८३।०५।०९**

यस गाउँपालिका अन्तर्गत तपसिल बमोजिम रिक्त रहेका पदहरुमा सेवा करार मार्फत पदपूर्ती गर्नु पर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र राजश्व तिरेको भौचरसहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**विज्ञापन नं. ०२/०८३/०८४**

| क्र.सं. | पद | तह | सेवा | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | इन्जिनियर | अधिकृतस्तर सातौं | इन्जिनियर/सिभिल | १(एक) | |
| २ | जनस्वास्थ्य अधिकृत | अधिकृतस्तर सातौं | स्वास्थ्य/हे.अ. | १(एक) | |
| ३ | कृषि स्नातक | अधिकृतस्तर छैटौं | कृषि स्नातक | १(एक) | |

१. **शैक्षिक योग्यताः**

- **इन्जिनियरः** लोकसेवा आयोगले लिने सिभिल इन्जिनियर पदको लागि चाहिने न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा स्नातक तह वा सो सरह उत्तिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता प्रमाणपत्र लगायतका सम्पुर्ण शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपीहरु
- **जनस्वास्थ्य अधिकृतः** लोकसेवा आयोगले जनस्वास्थ्य अधिकृत पदको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको दर्ता प्रमाणपत्र लगायत सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपिहरु ।
- **कृषि स्नातकः** मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञानमा कम्तिमा स्नातक तहमा उत्तिर्ण वा सो सरहको समकक्षताको प्रमाणित प्रतिलिपी ।

२. **उमेरः** पुरुषको हकमा दरखास्त दिने अन्तिम मितिसम्म २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको र महिलाको हकमा २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको।

३. **परीक्षाको किसिमः** प्रारम्भिक योग्यताक्रम (संक्षिप्त सुचि) को प्रकाशन, लिखित र अन्तर्वार्ता।

४. **सेवा/सुविधाः** नेपाल सरकारले तोके बमोजिम।

५. **दरखास्त दस्तुरः** रु. १०००/-

विकन पौडेल
प्रमुख प्रशासकीय अधिकृत

पत्र संख्या (Letter No): २०८३।०८४

६. **दरखास्त फाराम पाउने स्थानः** लिखु पिके गाउँ कार्यपालिकाको कार्यालय तथा कार्यालयको वेवसाइट **www.likhupikemun.gov.np** बाट समेत डाउनलोड गर्न सकिने छ।

७. **दरखास्त दिने अन्तिम मितिः** मिति २०८३।०५।२३ गते कार्यालय समयभित्र र सो दिन सार्वजनिक विदा पर्न गएमा सो पश्चात कार्यालय खुलेको दिन कार्यालय समयभित्र।

८. अनुभवी उम्मेदवारलाई विशेष प्राथमिकता दिइने छ।

९. प्रचलित कानुनद्वारा अयोग्य नठहरिएको हुनुपर्ने।

१०. **आवेदनको साथ संलग्न गर्नुपर्ने कागजातहरुः** निवेदन, दरखास्त फारम, नेपाली नागरिकताको प्रतिलिपि, बायोडाटा र दुई प्रति पासपोर्ट साइजको फोटो, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, राजश्व तिरेको रसिद/भौचर र अनुभव भए सोको कागजातहरुको प्रतिलिपि।

कृषि स्नातकको हकमा स्थानीय तहमा कृषि स्नातक परिचालन कार्यविधि, २०८२ र अन्य पदको हकमा कर्मचारी भर्ना छनौट सम्बन्धी अन्य व्यवस्था लिखु पिके गाउँपालिकाको करार सेवामा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७८ (पहिलो संशोधन) बमोजिम हुनेछ ।

***पुनश्चः कार्यालयमा उपस्थित हुन नसकेको खण्डमा यस लिखु पिके गाँउपालिकाको नाममा रहेको सिटिजन्स बैंकको आन्तरिक राजश्व खाता (LIKHU PIKEY GA. PA. ANTARIK RAJASWA KHATA) नं. ०७२०१०००००००१२०२ मा तोकिएको राजश्व तिरेको भौचर लगायत अन्य आवश्यक सम्पूर्ण कागजातहरु कार्यालयको ईमेल ठेगाना likhupikerm@gmail.com मा पठाउन सकिनेछ। साथै परिक्षामा सामेल हुन आउँदा सम्पूर्ण कागजातहरुको सक्कल प्रति अनिवार्य लिई आउनुपर्नेछ।***

विकेन पौडेल
प्रमुख प्रशासकीय अधिकृत